"विविधतायुक्त गाउँशहर समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहूं
## गण्डकी प्रदेश, नेपाल
## २०७३

## प्रेस विज्ञप्ति

मितिः २०८०।१०।१६

"विविधतायुक्त गाउँ शहर समृद्ध मेरो व्यास नगर" भन्ने व्यास नगरपालिकाको दीर्घकालीन सोचलाई पूर्णता दिने अभियान अन्तर्गत "ऐतिहासिक पर्यटकीय क्षेत्रको पहिचान, व्यास नगरपालिकाको अभियान" भन्ने मुल नाराका साथ व्यास नगरपालिकाद्वारा हरेक वर्ष शहिद दिवसका दिन आयोजना गरिदै आएको मानहुँकोटदेखि पुलिमराङ्ग शहिद पार्कसम्मको ४४ कि.मी. दुरीको **सातौं खुल्ला व्यास नगर अल्ट्रा म्याराथन प्रतियोगिता कार्यक्रम** यस वर्ष पनि २०८० माघ १६ गते आजका दिन भव्यताका साथ सम्पन्न भएको छ। व्यास नगरपालिका वडा नं.५ मानहुँकोटमा भएको उद्घाटन कार्यक्रमको अध्यक्षता नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेले गर्नु भएको थियो । सो कार्यक्रमका प्रमुख अतिथि माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यज्यूले म्याराथन प्रतियोगिताको रिवन काटेर उद्घाटन गर्नु भएको थियो । उद्घाटन कार्यक्रमको स्वागत मन्तव्य व्यास नगर खेलकुद समितिका अध्यक्ष श्री सुरेश थापाले गर्नु भएको थियो । स्थानीय वडाको तर्फबाट वडाध्यक्ष श्री विष्णुकुमार श्रेष्ठले शुभकामना मन्तव्य राख्नु भएको थियो भने उद्घाटन कार्यक्रमको सञ्चालन नगर प्रवक्ता एवं वडाध्यक्ष श्री जीवन गुरुङले गर्नु भएको थियो । म्याराथनका विज्ञ मुस्ताङ जिल्ला निवासी श्री रमेश भट्टचनले धावकहरुलाई म्याराथन प्रतियोगिता सम्बन्धी नियमहरुको बारेमा जानकारी गराउनु भएको थियो । उद्घाटन कार्यक्रममा प्रमुख अतिथिज्यूले व्यास नगरपालिकामा म्याराथन प्रतियोगिताको माध्यमबाट पर्यटकहरु भित्रिन गई नगरको आर्थिक योगदानमा सहयोग पुग्न सफल हुनेछ र यस्ता त्रियाकलापले समग्र जिल्ला कै शीर उचो पार्न सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भएको थियो । उक्त उद्घाटन कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य माननीय अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख श्री शान्तिरमण वाग्ले, प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतम लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि, कार्यालय प्रमुख, पत्रकार, उद्योग वाणिज्य संघका प्रतिनिधि, जनप्रतिनिधि एवं विभिन्न क्षेत्रका महानुभावहरुको उपस्थिति थियो । उक्त प्रतियोगितामा देशभरबाट विभिन्न जिल्लाका ११७ जना धावकहरुले आवेदन दर्ता गरेकोमा जम्मा १०७ जना धावकहरुले मात्र प्रतियोगितामा भाग लिएका थिए भने प्रतियोगिता बिहान ठिक ९.१० बजे प्रारम्भ भएको थियो ।

धावकहरु मध्ये पुलिमराङ्ग शहिद पार्कमा पुग्ने पहिलो धावक त्रिभुवन आर्मी क्लबका श्री जुनेश खड्का ( जर्सी नं.०५०) ले ३ घण्टा १८ सेकेण्डमा, दोस्रो धावक नेपाली सेनाका श्री मोहनदेव जोशी (जर्सी नं.०१०) ले ३ घण्टा २ मिनेट ३३ सेकेण्डमा, तेश्रो धावक नेपाली सेनाका श्री करण रावल (जर्सी नं.०९६) ले ३ घण्टा १० मिनेट ३० सेकेण्डमा, सान्त्वना प्राप्त गर्ने चौथो धावक त्रिभुवन आर्मी क्लबका श्री राजन मेयोङवा (जर्सी नं.०५५), पाँचौ धावक त्रिभुवन आर्मी क्लबका श्री प्रताप खड्का (जर्सी नं.०४२), छैटौ धावक सोलुखुम्बु जिल्लाका श्री अर्जुन राई ( जर्सी नं.०६८), सातौं धावक त्रिभुवन आर्मी क्लबका श्री तिलक सुनुवार (जर्सी नं.००६) र आठौ धावक नेपाली सेनाका श्री प्रेमबहादुर बस्नेत (जर्सी नं.०१५) ले पुलिमराङ्ग स्थित शहिद पार्कको अन्तिम विन्दु पार गर्नु भएको थियो ।

म्याराथन प्रतियोगिता समापन समारोहको अध्यक्षता नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेले गर्नु भएको थियो । नगरपालिकाको तर्फबाट उपप्रमुख श्री इन्दिरा दरैले प्रमुख अतिथि लगायत अन्य अतिथिहरुलाई स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा शहिद परिवारको तर्फबाट खेममाया गुरुङ, पुलिमराङ्ग शहिद पार्कका अध्यक्ष श्री एकबहादुर गुरुङ, पुलिमराङ्ग टोल विकास संस्थाका अध्यक्ष श्री टेकबहादुर गुरुङ, वडा नं.८ का पूर्व अध्यक्ष श्री

ओजराज पौडल, वडा नं.८ का वडा अध्यक्ष श्री युवराज गुरुङ, उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री मंगलप्रसाद श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतम, प्रमुख अतिथि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सुरेन्द्रराज आचार्य लगायतले मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन प्रवक्ता एवं वडाध्यक्ष श्री जीवन गुरुङले गर्नु भएको थियो । उक्त प्रतियोगिताका विजेता प्रतियोगीहरुलाई प्रथम, द्वितीय, तृतीय पुरस्कार क्रमशः रु.८५,०८०।, रु.६५,०८०।, ५५,०८०। र सान्त्वना पुरस्कार ५ जनालाई जनही रु.१६,०८०। नगद सहित ट्रफी, प्रमाणपत्र प्रमुख अतिथि, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, म्याराथन प्रतियोगिताका विज्ञद्वारा संयुक्त रुपमा प्रदान गरिएको थियो । उक्त अवसरमा म्याराथनका विज्ञ रमेश भट्टचनलाई सम्मान गरिएको थियो । साथै मानहुँकोटदेखि पुलिमराङसम्मको दुरीपार गर्ने सबै धावकहरुलाई समापन कार्यक्रम स्थलमानै प्रमाणपत्र वितरण गरिएको थियो ।

अन्तमा उक्त म्याराथन कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण धावकहरु, जनप्रतिनिधिहरु, विभिन्न कार्यलयका प्रमुख, सुरक्षाकर्मी, नगरपालिकाका कर्मचारीहरु, टोल विकास संस्था, आमा समूह, विभिन्न विद्यालय परिवार, पत्रकार, मानुङकोट र पुलिमराङ्गका स्थानीय दाजुभाई दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

वैकुण्ठ न्यौपाने
नगर प्रमुख
व्यास नगरपालिका, तनहुँ


Phone No.065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com www.vyasmun.gov.np